# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ५ मरिण, फागुन २७ गते, २०७९ साल संख्या २८**

## भाग २

## मरिण गाउँपालिकाको विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७९ (पहिलो संशोधन)

प्रस्तावनाः

विपद्जन्य घटनाबाट प्रभावित व्यक्ति तथा परिवारको खोज तथा उद्धार गर्ने एवं राहत उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित गरी गाउँपालिकाको भूमिकालाई प्रभावकारी बनाउन मापदण्ड बनाई लागू गर्न आवश्यक भएकोले मरिण गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ को अधीनमा रहि मरिण गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "मरिण गाउँपालिकाको विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७९(पहिलो संशोधन)" रहेको छ ।

(२) यो मापदण्ड मरिण गाउँपालिकामा २०७९ श्रावण १ गते देखिनै प्रारम्भ भएको मानिनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) **"ऐन"** भन्नाले मरिण गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

**(ख) "मापदण्ड"** भन्नाले मरिण गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ को आधारमा निर्माण गरिएको मापदण्डलाई सम्झनु पर्दछ।

(ग) **"राहत"** भन्नाले विपद् भइरहेको वा भइसकेको समयमा वा विपद् पश्चात विपद् प्रभावितलाई आवश्यक व्यवस्थापन एवम् बन्दोबस्तीका लागि यस मापदण्ड बमोजिम प्रदान गरिने नगद वा जिन्सी सहायतालाई सम्झनु पर्छ ।

**(घ)"कार्यालय"** भन्नाले मरिण गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

**(ङ)"अध्यक्ष"** भन्नाले मरिण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

**(च)"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रमुख सम्झनुपर्दछ।

(छ) **"लेखा प्रमुख"** भन्नाले मरिण गाउँपालिका गाउँ कार्यपालिकाको लेखा सम्बन्धी कार्य गर्ने शाखा प्रमुख सम्झनुपर्दछ।

(छ) "**समिति**" भन्नाले मरिण गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३ सम्बन्धी गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद- २

## विपद् पूर्वतयारी व्यवस्थापन

३. पूर्व तयारी गरिनेः विपद्को पूर्व तयारीका लागि मरिण गाउँपालिकाले देहाय बमोजिमको कार्य गर्नेछ,-

(क) मरिण गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनको परिधी भित्र रही मरिण गाउँपालिकाभित्र आइपर्न सक्ने प्राकृतिक एवं गैर प्राकृतिक विपद्को जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् पूर्व तयारी अन्तर्गत खोज तथा उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी वा गराई जुनसुकै क्षेत्रमा विपद्को समयमा आवश्यकता अनुसार तत्काल राहत तथा उद्धार सामग्री उपलब्ध हुने व्यवस्था मिलाउने,

(ख) जोखिममा परेका बस्तीको संरक्षण वा बस्ती स्थानान्तरण लगायतका कार्यका लागि अध्ययन, अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण गर्न आवश्यक बजेट तथा स्रोत साधनको व्यवस्था गर्ने,

(ग) विपद्को जोखिममा रहेका मरिण गाउँपालिका भित्रका क्षेत्रको जोखिम आँकलन (Risk Assessment ) तथा संकटसन्नता नक्साङ्कन (Hazard Mapping) गर्ने, गराउने

(घ) स्थानीय तहमा खोज, उद्धार तथा राहत सामग्री र तालिम प्राप्त जनशक्तिको लगत तयार गरी सो को अभिलेख अद्यावधिक गर्ने,

(ङ) विपद् सचेतना अभिवृद्धि गर्नका लागि विपद् कृत्रिम अभ्यास (Simulation Exercise) गर्ने गराउने,

(छ) आफ्नो क्षेत्रभित्रका सम्भाव्य खुला क्षेत्रहरू पहिचान गर्ने र विपद्को समयमा प्रयोग गर्न सकिने गरी न्यूनतम पूर्वाधारहरू सहित तयारी अवस्थामा राख्ने र सोको लगत अद्यावधिक गर्ने,

(ज) विपद्को कारणले विस्थापित परिवारहरूलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्ने।

(झ) विपद्को पूर्व तयारीका लागि वडा स्तरीय विपद् व्यवस्थापन समितिहरूलाई आवश्यकता अनुसार निर्देशन दिने र अनिवार्य रुपमा आवधिक प्रतिवेदन लिने,

(ञ) सम्भावित विपद् बाट हुने धनजनको क्षतिको न्यूनीकरण गर्न पूर्व चेतावनी प्रणाली (Early Warning System) को विकास गर्ने,

(ट) गाउँपालिका स्तरीय विपद् पूर्वतयारी र प्रतिकार्यको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

## परिच्छेद ३
## खोज तथा उद्धार सम्बन्धी व्यवस्था

४.खोज तथा उद्धारः- मरिण गाउँपालिकाले खोज तथा उद्धारका लागि देहाय बमोजिम कार्य गराउनेछ

(क) स्थानीय प्रहरीलाई आवश्यकता अनुसार खोज तथा उद्धार सम्बन्धी तालिम दिइनेछ । उक्त तालिम प्राप्त जनशक्ति जुनसुकै बेला परिचालित हुन सक्ने गरी तयारी अवस्थामा राख्ने,

(ख) जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन थप सुरक्षाकर्मी परिचालन परिचालित हुने वातावरण मिलाउने,

(ग) सूचना संकलन र प्रवाह गर्ने कार्यलाई आधिकारिक, भरपर्दो र विश्वसनीय बनाउनका लागि विपद् सूचना अधिकारी तोक्ने ।

(घ) विपद्बाट क्षति भएको धनजनको तथ्याङ्क तत्काल यकिन गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद ४
## विपद् व्यवस्थापनका लागि राहत वितरण

**५. राहत वितरणः**- (१)मरिण गाउँपालिका भित्र यस मापदण्ड बमोजिम राहत वितरण गर्दा देहाय बमोजिम राहत उपलब्ध गराउनेछः-

(क) गाउँपालिका भित्र विपद्का घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने नेपाल सरकारले उपलब्ध गराउने राहत रकमको अतिरिक्त प्रति मृतक गाउँपालिकाको तर्फबाट २५ हजार रुपैयाँ उपलब्ध गराउने ।

(ख) विपदमा परी कुनै व्यक्ति बेपत्ता भई खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा सम्बन्धित वडा कार्यालयको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघर परिवारको नजिकको हकवालालाई २० हजार रुपैयाँ उपलब्ध गराउने ।

(ग) विपद् प्रभावित परिवारको लागि दैनिक उपभोग्य र खाद्य सामाग्री राहत स्वरुप वितरण गर्दा परिवारलाई आधार मानि एक मुष्ठ उपलब्ध गराउनु पर्ने।

(२) **यस मापदण्ड बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढी, पहिरो, आगलागी, भारी वर्षा, असिना, हुरी बतास, चटयाङ्ग, डुवान, सुख्खा खडेरी, सर्पदंश, विषात्त किटदंश तथा मानव सहित पशुपंक्षी र वालिनालिमा हुने संक्रामक महामारी जस्ता विपद्का कारणबाट भएको प्रभावितहरूलाई मात्र राहत सहयोग उपलव्ध गराइनेछ भने परिभाषित गरिएका अन्य विपद्को सम्बन्धमा सम्बन्धित क्षेत्रको विज्ञको उपस्थितिमा सर्जमिन मुचुल्का तथा क्षतीको विवरण एकिन गरी विपद् व्यवस्थापन समितिले निर्णय गरि राहत उपलब्ध गराउन सकिनेछ।**

तपशिल

| क्र.सं. | क्षतिको अनुमानित लागत | उपलब्ध गराइने राहत रकम (रु.) |
|---|---|---|
| १ | घर पूर्ण क्षति भएमा | रु.२५,०००/- |
| २ | आंशिक क्षति भएमा | रु.१०,०००/- |
| ३ | सामान्य मर्मत गरी पुन वसोबास गर्न सकिने घर | रु.५,०००/- |
| ४ | सामान्य क्षति | त्रिपाल मात्र उपलब्ध गराउने |
| दर्ता भएका व्यवसायिक फर्महरुको सम्बन्धमा | | |
| १ | पूर्ण क्षति | रु.१००००/- |
| २ | आंशिक क्षति | रु.५०००/- |
| ३ | सामान्य क्षति | त्रिपाल मात्र [१] |

[१] पहिलो संशोधनबाट संशोधन गरिएको।

(३) राहत वितरण सम्बन्धमा माथि उल्लिखित दफाहरुमा जुनसुकै कुरा लेखिएतापनि तत्काल राहत दिन विपद् व्यवस्थापन समितिबाट निर्णय गराउन सम्भव छैन भन्ने लागेमा तत्कालको लागि गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको अध्यक्षले निर्णय गरी राहत उपलब्ध गराउन बाधा पर्ने छैन तर वितरित त्यस्तो राहतको निर्णय लगतै बस्ने विपद् व्यवस्थापन समितिको वैठकबाट अनुमोदन गराउनु पर्नेछ।

६. राहत वितरण प्राथमिकताः राहत वितरण गर्दा पीडितमध्ये महिला, बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

७. पेश गर्नु पर्ने कागजातः (१) यस मापदण्ड बमोजिम राहत सहयोगको लागि पीडितले अनुसूचीमा उल्लिखित बमोजिमको ढाँचामा तपशिलका कागजात संलग्न राखेर निवेदन विपद् व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) वडा स्तरीय विपद् व्यवस्थापन समितिको सिफारिसपत्र एवं क्षतिको विवरण सहितको सम्बन्धित वडाको सिफारिस पत्र,

(घ) क्षतिको विवरण यकिन गरिएको प्रहरी मुचुल्का,

(ङ) घटनासँग सम्बन्धित तस्वीरहरु ।

माथि उल्लिखित बाहेक राहत माग सम्बन्धी पुष्टि हुने अन्य कागजातहरु।

८. राहत वितरणको समय सीमाः विपद् व्यवस्थापन समितिले यो मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भएको ७ दिनभित्र सूचना प्राप्त भएको घट्नाका लागि मात्र राहत सहयोग उपलव्ध गराउनेछ ।

९. समन्वय गर्नेः (१) विपद व्यवस्थापन समितिले जिल्ला विपद व्यवस्थापन समिति, प्रदेश तथा संङ्घीय सरकार एवं ऐनको परिच्छेद १(२ ब) मा उल्लिखित विकास साझेदार संघ संस्थाहरुसँग सहयोगको लागि समन्वय गर्न सक्ने छ।

माथि उल्लिखित विकास साझेदार विभिन्न संघ संस्थाको सहयोगमा राहत वितरण गर्दा राहत वितरण योजना र वितरित राहतको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउनु पर्नेछ।

११. कोषबाट व्यहोरिनेः यस मापदण्ड बमोजिम उपलब्ध गराइने राहत ऐनको दफा १२ बमोजिमको कोषबाट व्यहोरिने छ। कोषको संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट हुनेछ।

१३. विविध- यस मापदण्ड कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नुपरेमा यस मापदण्ड तथा प्रचलित कानूनसँग नवाझिने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

मरिण गाउँपालिका

अनुसूची-१

श्री अध्यक्षज्यू,

विपद् व्यवस्थापन समिति,

मरिण गाउँपालिका, सिन्धुली।

विषयः राहत सहयोग उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा मिति............. गतेका दिन........... जिल्लाको ........ स्थानमा (ठेगाना) मा भएको विपद्का सम्बन्धमा मरिण गाउँपालिकाको "विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७९ बमोजिम राहत सहयोग पाऊँ भनी देहायको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं।

(१) विपद्को घटनाः

(२) घाइते / मृतकको नाम, ठेगानाः

(३) घाइते/मृतकको नागरिकताको प्रमाणपत्र नं. ......... र जारी गर्ने जिल्ला....

(४) बाबुको नाम थरः

(५) आमाको नाम थरः

(६) अनुमानित क्षतिको विवरण ( परिणाम र मूल्य सहित अतिरिक्त रकम माग गरेको भए सो समेत खुलाउने)

(७) मृतकको हकमा हकवालाको नागरिकता प्रमाणपत्र र नाता प्रमाणित पत्रः

(८) क्षतिको विवरण यकिन भएको प्रहरी मुचुल्काः

(९) घटनासँग सम्बन्धित तस्विरहरु।

(१०) आवासका लागि दावी पेश गर्दा घरको नक्सा वा स्केचः

(११) स्थानीय विपद् व्यवस्थापन समिति / वडा समितिको उल्लिखित विवरण सहितको सिफारिसपत्रः (यस्तो सिफारिसमा राहत नलिएको खुल्नु पर्ने)

(१२) राहत माग गरिएको विषयमा कुनै निकाय (संघ वा स्थानीय तह) बाट सोही विषयमा राहत लिए नलिएको खुलाउने ।

निवेदक

नामः-

हस्ताक्षरः-

सम्पर्क नं.:-

आज्ञाले

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत